मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-०७७/७८

## गोदाम घर निर्माण गर्ने सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७/०९/२३**

मन्थली नगरपालिकाको आ.व. ०७७/७८ को स्वीकृत सशर्त तर्फको वार्षिक कार्यक्रम अनुसार Pre Fab (प्रि फयाब) गोदाम घर निर्माण कार्यक्रम रहेकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषक समूह, कृषि सहकारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | कार्यक्रम | परिमाण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | Pre Fab गोदाम घर निर्माण (कम्तीमा १५ मेट्रिक टन क्षमता भएको) | १ वटा | २०,००,०००।- | कार्यविधि अनुसार बढीमा ५० प्रतिशत अनुदान र कम्तिमा ५० प्रतिशत लागत साझेदारीमा |

**आवश्यक कागजातहरु:**

१. निवेदनको साथमा कार्यक्रम माग गर्ने संस्थागत निर्णय प्रतिलिपि ।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (कार्य समिति सदस्यहरुको ) ।
४. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।
५. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लेखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. गोदाम घर निर्माण हुने जग्गा संस्थाको नाममा रहेको वा कम्तीमा १० वर्ष करार सम्झौता गरी भोग चलन गर्न पाउने कागजात ।
७. गोदाम घर कम्तीमा १० वर्ष सञ्चालन गर्ने संस्थागत निर्णयका साथमा व्यवसायिक योजनाको विवरण ।

**पुनश्चः बीउ उत्पादक समूह/सहकारी वा बीउ भण्डारण प्रयोजनको लागि प्राथमिकता दिइनेछ । गोदाम घर Pre Fab/ईट्टा/ढुङ्गाको समेत बनाउन सकिनेछ ।**

प्रमुख प्रशासकीय अधिकृत

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत